08/07/2026

National News

प्रमुख समाचार

- प्रवर्तन निदेशालयद्वारा तृणमूल कंग्रेसको ब्याङ्क खाताबाट ४४० करोड रूपियाँ फ्रीज
- गृहमन्त्रीले गर्नुभयो विमानस्थलमा विभिन्न सुविधाको समीक्षा
- वाराणसी विमानस्थलको नयाँ टर्मिनल परिसरमा अन्डरपास निर्माण हुँदै
- EPFO-ले आठ दशमलौ दुई पाँच प्रतिशत ब्याज EPF खातामा जम्मा गर्ने

ED Kolkata AITC

प्रवर्तन निदेशालय (ED) ले अखिल भारतीय तृणमूल कंग्रेसको ब्याङ्क खातामा जम्मा रहेको ४४० करोड रूपियाँ फ्रीज गरेको छ। यो कारबाही वित्तीय कारोबार तथा शंकास्पद रकम हेरफेरसम्बन्धी अनुसन्धानअन्तर्गत गरिएको हो। ED-ले हिजो कलकत्तामा धन शोधन निवारण ऐन, २००२ अन्तर्गत पाँच स्थानमा खोजी अभियान सञ्चालन गरेको थियो।
निदेशालयअनुसार अनुसन्धानका क्रममा २०२३ को अप्रेलदेखि २०२६ को जूनसम्म पार्टीको ब्याङ्क खाताबाट लगभग १६० करोड रूपियाँ उड्डयन क्षेत्रमा कार्यरत एक निजी कम्पनी र त्यससँग सम्बन्धित संस्थामा स्थानान्तरण गरिएको पाइयो।

--------------------------------------X--------------------------------------

Shah Naidu

गृहमन्त्री अमित शाहले केन्द्रिय नागरिक उड्डयन मन्त्री राम मोहन नायडूसँग देशका प्रमुख विमानस्थलहरूमा यात्रु सुविधा, सुरक्षा व्यवस्था र अध्यागमन प्रणालीको समीक्षा गर्नुभयो। बैठकमा गृहमन्त्री शाहले सबै विमानस्थलमा चरणबद्ध रूपमा स्वचालित एक्स–रे ट्रे रिटर्न प्रणाली जडान गर्ने निर्देशन दिनुभयो। श्री शाहले नयाँ विमानस्थलमा पनि यसका लागि उपयुक्त मापदण्ड तय गर्न जोड दिनुभयो।

उहाँले विकास भइरहेका एक्काइसवटा र बाँकी एकचालीसवटा विमानस्थलको विकासलाई यात्रु चाप र सुरक्षा मापदण्डका आधारमा प्राथमिकता दिन निर्देशन दिनुभयो। गृह मन्त्रीले २०२७ सम्म सबै राज्यका राजधानीमा विदेशी क्षेत्रीय दर्ता कार्यालय सञ्चालन गर्न र अध्यागमन सेवालाई थप प्रभावकारी बनाउन निर्देशन दिनुभएको छ।

--------------------------------------X--------------------------------------

Naidu-Varanasi Airport

यता, वाराणसी विमानस्थलको नयाँ टर्मिनल परिसरमा देशकै पहिलो छ लेनको अन्डरपास निर्माण भइरहेको छ। भारतका केन्द्रिय नागरिक उड्डयन मन्त्री राम मोहन नायडूले सामाजिक सञ्जालमार्फत अन्डरपास निर्माण कार्य तीव्र गतिमा अघि बढिरहेको जानकारी दिनुभएको छ। उहाँकाअनुसार चार सय पचास मिटर लामो यो अन्डरपास नयाँ पुस्ताको पूर्वाधार विकास योजनाअन्तर्गत निर्माण भइरहेको हो।

---------------------------------------X---------------------------------------

Mandaviya EPFO

कर्मचारी भविष्य निधि संगठन (EPFO) ले यही महिनाको १५ तारिकभित्र आर्थिक वर्ष २०२५–२६ का लागि आठ दशमलौ दुई पाँच प्रतिशत ब्याज करिब चौंतीस करोड EPF खातामा जम्मा गर्ने भएको छ। श्रम तथा रोजगार मन्त्री डाक्टर मनसुख माण्डवियाकाअनुसार नयाँ केन्द्रीकृत सूचना प्रविधिमा आधारित सेवा प्रणालीमार्फत एक लाख चौंवालीस हजार करोड रूपियाँभन्दा बढी रकम सदस्यहरूको खातामा जम्मा गरिनेछ।

उहाँले EPFO-द्वारा पुरानो विकेन्द्रीकृत प्रणालीबाट सबै सदस्यको अभिलेख नयाँ केन्द्रीकृत डाटाबेसमा सफलतापूर्वक स्थानान्तरण गरिसकेको जानकारी दिनुभयो। नयाँ प्रणाली लागू भएपछि सदस्यहरूले एकीकृत सदस्य पोर्टलमार्फत सदस्यता विवरण, भविष्य निधिको रहल राशी, दाबीको अवस्था, पेन्सन सेवा अभिलेख तथा उपलब्ध सुविधाबारे एउटै स्थानबाट जानकारी लिन सक्नेछन्।

मन्त्री डाक्टर माण्डवियाकाअनुसार नयाँ प्रणालीमा दाबीको स्वचालित पूर्व–प्रमाणीकरण सुविधा पनि समावेश गरिएको छ। यसले निवेदन EPFO कार्यालयमा पुग्नअघि नै योग्यताको परीक्षण गर्ने, त्रुटि पहिचान गर्ने तथा आवश्यक जानकारी सदस्यलाई उपलब्ध गराउनेछ। यसबाट दाबी अस्वीकृत हुने संख्या घट्ने र पहिलोपल्टमै दाबी स्वीकृत हुने दर बढ्ने अपेक्षा गरिएको छ।

EPFO-ले भनेको छ, नयाँ प्रणालीको उद्देश्य सेवा प्रवाहलाई आधुनिक बनाउँदै सदस्यमैत्री, पारदर्शी र सहज सेवा प्रदान गर्नुका साथै संस्थाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउनु हो।

---------------------------------------X---------------------------------------

## Shivraj Review Meeting

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले पछिल्ला दिनमा देशका विभिन्न भागमा राम्रो वर्षा भएकाले कम वर्षा भएका जिल्लाको संख्या दुई सय बहसटबाट घटेर एक सय अठहतर पुगेको बताउनुभयो। नयाँ दिल्लीमा अल निनोको सम्भावित प्रभावबारे आयोजित उच्चस्तरीय बैठकमा उहाँले जून महिनामा तेंतीस प्रतिशत रहेको वर्षा जुलाईमा घटेर चौबीस प्रतिशत पुगेको जानकारी दिनुभयो।

मन्त्री श्री चौहानले केन्द्र सरकारले महाराष्ट्र, मध्य प्रदेश, गुजरात, उत्तर प्रदेशलगायत विभिन्न राज्यको अवस्थाको निरन्तर निगरानी गरिरहेको बताउनुभयो। उहाँले जुलाईमा वर्षा अझ बढ्ने र खरीफ बालीमा गति आउने विश्वास व्यक्त गर्नुभयो।

----------------------------------------X----------------------------------------

## Drug Free India VK

सामाजिक न्याय तथा अधिकारिता मन्त्रालयकाअनुसार 'नशामुक्त भारत अभियान' मा हालसम्म देशभरिका तेहीस करोडभन्दा बढी नागरिक सहभागी भएका छन्। अभियानमा सात करोड एकासी लाखभन्दा बढी युवा, पाँच करोड चौबीस लाखभन्दा बढी महिला तथा सत्र लाखभन्दा बढी शैक्षिक संस्था आबद्ध भएका छन्।

केन्द्रिय सामाजिक न्याय तथा अधिकारिता मन्त्री डाक्टर वीरेन्द्र कुमारले अभियान स्वस्थ, अनुशासित र जिम्मेवार युवा निर्माण गर्ने महत्त्वपूर्ण राष्ट्रिय पहल भएको बताउनुभयो। उहाँकाअनुसार विभिन्न सरकारी निकाय, प्रहरी, गैरसरकारी संस्था र अस्पतालको समन्वयमा देशलाई लागुऔषधको लतबाट मुक्त बनाउने प्रयास जारी छ।

----------------------------------------X----------------------------------------

## Joshi-BIS meeting

नवीन तथा नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले आज भारतीय मानक ब्युरो (BIS) सित समीक्षा बैठकको अध्यक्षता गर्दै बेङ्गलुरुमा हुने ब्रिक्स राष्ट्रका राष्ट्रिय मानकीकरण निकायका प्रमुखहरूको आगामी बैठकको तयारीबारे समीक्षा गर्नुभयो। सामाजिक सञ्जालमार्फत मन्त्री जोशीले बैठकका क्रममा अन्तरराष्ट्रिय कार्यक्रम सफल बनाउन आपसी समन्वय, प्रभावकारी कार्यान्वयन तथा सूक्ष्म योजनामा विशेष जोड दिइएको जानकारी दिनुभयो। उहाँकाअनुसार बैठकको मुख्य उद्देश्य मानकीकरणको क्षेत्रमा ब्रिक्स सदस्य राष्ट्रहरूबीचको सहकार्यलाई अझ सुदृढ बनाउनु हो।

----------------------------------------X----------------------------------------

## PM-Indonesia Summit

प्रधानमन्त्री नरेन्द्र मोदी इन्डोनेसियाको भ्रमण सम्पन्न गरी अष्ट्रेलियाको मेलबर्नतर्फ प्रस्थान हुनुभएको छ। भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले सामाजिक सञ्जालमार्फत इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबियान्तोले विशेष मित्रताको प्रतीकस्वरूप प्रधानमन्त्री श्री मोदीलाई विमानस्थलमा बिदाइ गर्नुभएको जानकारी दिनुभयो।

उहाँकाअनुसार इन्डोनेसिया भ्रमणका क्रममा सहयोगका विभिन्न प्राथमिकताका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन्। यस भ्रमणले भारत–इन्डोनेसिया साझेदारीलाई थप सुदृढ बनाएको तथा भविष्यको सहकार्यका लागि महत्वाकांक्षी कार्यसूची तय गरेको बताइएको छ।

---------------------------------------X---------------------------------------

## PM India-Australia Relations

अर्कातिर, प्रधानमन्त्री श्री मोदीको अष्ट्रेलिया भ्रमणको उद्देश्य प्रवासी भारतीय समुदायलाई विशेष प्राथमिकतामा राख्दै भारत र अष्ट्रेलियाबीचको आर्थिक तथा रणनीतिक सम्बन्धलाई अझ सुदृढ बनाउनु रहेको बताइएको छ।

आकाशवाणी समाचारसँगको विशेष कुराकानीमा मेलबर्नस्थित प्रख्यात फार्मासिस्ट तथा अर्डर अफ अष्ट्रेलियाका सदस्य दीपक संघवीले भारत–अष्ट्रेलिया द्विपक्षीय सम्बन्धका बारेमा आफ्नो धारणा व्यक्त गर्नुभयो।

---------------------------------------X---------------------------------------

## Jaishankar-Kuwait

विदेशमन्त्री डाक्टर सुब्रह्मण्यम जयशंकरले आज कुवेतका युवराज शेख सबाह अल–खालिद अल–सबाहसित भेटवार्ता गर्नुभयो। सामाजिक सञ्जालमार्फत विदेशमन्त्री डाक्टर जयशंकरले भेटका क्रममा युवराजलाई प्रधानमन्त्री नरेन्द्र मोदीको शुभकामना सन्देश दिनुभयो।

उहाँले भारत–कुवेत द्विपक्षीय सहयोगलाई थप अघि बढाउन युवराजको प्रतिबद्धताको प्रशंसा गर्नुभयो। विदेश मन्त्रीले खाडी क्षेत्रमा भइरहेका घटनाक्रमबारे आफ्नो धारणा साझा गर्नुभएकोमा उहाँलाई धन्यवाद व्यक्त गर्नुभयो।

---------------------------------------X---------------------------------------

## Railway Fact Check

पश्चिम रेलवेले सामाजिक सञ्जालमा भाइरल भएको एउटा भिडियोमा गरिएको दाबीको खण्डन गरेको छ। भिडियोमा सहायक लोको पाइलटले खाना किन्नका लागि रेल रोकेको दाबी गरिएको थियो। रेलवेकाअनुसार रेल राउ यार्डमा निर्धारित अभियान्त्रिकी कार्यका कारण राउ होम सिग्नलमा पहिले नै रोकिएको थियो। सोही क्रममा सहायक लोको पाइलट खाना किन्दै गरेको देखिएको हो।

पश्चिम रेलवेले यो घटना यात्रुवाहक रेलसँग नभई मालवाहक रेलसँग सम्बन्धित रहेको स्पष्ट पारेको छ। रेलवेले कुनै पनि भ्रामक सामग्री साझा गर्नअघि तथ्य पुष्टि गर्न सर्वसाधारणलाई आग्रह गरेको छ।

--------------------------------------X--------------------------------------

## Tripura - Rain

त्रिपुरा राज्यमा मौसम विभागले आज पश्चिम, खोवाई, धलाई र गोमती जिल्लाका लागि भारी वर्षाको ओरेन्ज अलर्ट जारी गरेको छ। राज्यको अन्य जिल्लाका केही स्थानमा पनि तीव्र वर्षाको सम्भावना जनाउँदै पहेंलो अलर्ट जारी गरिएको छ। पूर्वानुमानअनुसार भोलि पनि सबै जिल्लामा पहेंलो अलर्ट कायम रहनेछ। विभागले नागरिक, स्थानीय प्रशासन र आपदा प्रबन्धन निकायलाई सतर्क रहन र आवश्यक सावधानी अपनाउन आग्रह गरेको छ।

--------------------------------------X--------------------------------------

## World CUP

अर्जेन्टिनाले फिफा विश्वकपको अन्तिम सोल्हअन्तर्गत गएराति भएको रोमाञ्चक खेलमा इजिप्टलाई तीन-दुईले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको छ। दुई गोलले पछि परेको अवस्थाबाट उत्कृष्ट वापसी गर्दै अर्जेन्टिनाले जित दर्ता गरेको हो।

यससितै लियोनेल मेस्सीले विश्वकप करियरको नवौँ गोल पास दर्ता गर्दै डिएगो म्याराडोनाको कीर्तिमानलाई पछि पारेका छन्। अब उनी फिफा विश्वकप इतिहासमा सर्वाधिक गोल पास गर्ने खेलाडी बनेका छन्। मेस्सीले खेलमा आफ्नो एक्काइसौं विश्वकप गोल गर्दै टोलीको जितमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे। अब अर्जेन्टिनाको भिड़न्त आगामी बाह्र जुलाई आइतबार हुने क्वार्टरफाइनलमा स्विट्जरल्यान्डसित हुनेछ।

--------------------------------------X--------------------------------------